# पाठ १६

| १ | **प्रार्थना** |
|---|---|

**समूहको अगुवा** - प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

| २ | **सिकेको कुरा बाँड्नु** (२० मिनेट) **शान्त समय**<br>**प्रेरित ४:२३-७:६०** |
|---|---|

तपाईंलाई तोकिएको बाइबल खण्ड (प्रेरित ४:२३-७:६०) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरीमा बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)।
सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

| ३ | **बाइबल पद कण्ठ** (२० मिनेट) **ख्रीष्टमा नयाँ जीवन**<br>**वचन : मत्ती ४:४** |
|---|---|

## क. मनन

| वचन<br>मत्ती ४:४ |
|---|
| तर येशूले जवाफ दिनुभयो, “लेखिएको छ,<br>‘मानिस रोटीले मात्र होइन, तर परमेश्वरको<br>मुखबाट निस्केको हरेक वचनले<br>जीवित रहँदछ’।”<br>मत्ती ४:४ |

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

### १. "लेखिएको छ" भन्ने कुराको आशय के हो?

येशूले बाइबल खण्ड उद्धृत गर्नुहुँदा यो भनाइ प्रयोग गर्नुभयो। बाइबलको बारेमा येशूसँग उच्च दृष्टिकोण थियो। जीवन र सिद्धान्तको लागि उहाँले बाइबललाई सत्यको अन्तिम कसौटी ठान्नुभयो। त्यसैगरी उहाँले तर्क र कारण दिनको निम्ति बाइबललाई अदालतको उर्दीजस्तै ठान्नुभयो। दुष्टले परीक्षा गर्न खोज्दा त्यसलाई जवाफ दिन येशूले बाइबलको तीन खण्डहरू उद्धृत गर्नुभयो (व्यवस्था ८:३; ६:१६: ६:१३)।

### २. बोलिएको परमेश्वरको वचनले कसरी विगतका मानिसहरूमा जीवन ल्याउँथ्यो?

**पहिलो उदाहरण -** बाइबलको पहिलो अध्यायमा हामी पढ्छौं, कि परमेश्वरले वचन बोल्नुभयो र यसो भन्नुभयो, "उज्यालो होस्!" अनि त्यहाँ उज्यालो भयो। वचन परमेश्वरको मुखबाट यस्तो शक्तिशालीरूपमा आउँछ, कि त्यसले पृथ्वीमा भएको हरेक कुरा सृष्टि गऱ्यो र त्यसको साथै अनगिन्ती ताराहरू भएको ब्रह्माण्ड पनि सृष्टि भयो (भजन ३३:५; हिब्रू ११:३)।

**दोस्रो उदाहरण -** इस्राएलीहरूलाई नम्र बनाउन र तिनीहरूको जाँच गर्न परमेश्वरले तिनीहरूलाई डोऱ्याउँदै चालीस वर्षसम्म मरुभूमिमा हिँडाउनुभयो (व्यवस्था ८:२-३)। 'नम्र बनाउनु' भन्ने शब्दलाई अझै राम्रोसँग अनुवाद गर्ने हो भने 'जबर्जस्ती दबाबमा ल्याउनु' भन्ने हुन्छ। तिनीहरूको जाँच गर्नको निम्ति परमेश्वरले इस्राएलीहरूलाई जबर्जस्ती दबाबको अबस्थामा ल्याउनुभयो। त्यतिबेला तिनीहरू मरुभूमिमा थिए, तिनीहरूलाई रोटीको कमी थियो र तिनीहरू भोकले सताइएका थिए। परमेश्वर हरेक कुरा जान्नुहुने भएकोले, ती इस्राएलीहरूका हृदयमा के थियो भनी उहाँले जान्नुहुन्थ्यो, तैपनि तिनीहरूका हृदयको विचारहरू र मनोवृत्तिहरू प्रकट गर्न उहाँले तिनीहरूको जाँच गर्नुभयो। तर तिनीहरूको उक्त दबाबपूर्ण अवस्थामा पनि परमेश्वरले तिनीहरूलाई वास्ता गर्नुभयो। आफ्नो बोलिएको वचनद्वारा परमेश्वरले तिनीहरूलाई खुवाउन मन्न सृष्टि गर्नुभयो। उहाँले तिनीहरूको जिम्मेवारी यस्तो किसिमले उठाउनुभयो, कि लामो समयसम्म मरुभूमिमा हिँड्दा पनि तिनीहरूको लुगाफाटा थोत्रा भएनन् र तिनीहरूका गोडा पनि सुनिएन। परमेश्वरले तिनीहरूलाई दबाबको अवस्थाहरूमा ल्याउनु र ती अवस्थाहरूमा तिनीहरूको वास्ता गर्नु कारणचाहिँ तिनीहरूले आफैमा भरोसा नगरून्, अरू कुनै सृष्टि गरिएका थोकमा पनि भरोसा नगरून् तर केवल परमेश्वरमा मात्र भरोसा गर्न सकून् भन्नाले हो। ती इस्राएलीहरू र अरू सबै मानिसहरूलाई परमेश्वरले सिकाउन चाहनुभएको पाठ यही हो, कि तिनीहरूले पूर्णरूपमा परमेश्वरले बोल्नुहुने वचनमा भर परून्, जसले तिनीहरूलाई दिन प्रतिदिन थामिरहन्छ!

**तेस्रो उदाहरण -** गब्रिएल स्वर्गदूतले मरियमलाई यसो भन्यो, "परमेश्वरको कुनै वचन विनाशक्तिको हुँदैन" (लूका १:३७)! मानिससँग सम्बन्ध नराखीकन नै मरियमले छोरो जन्माउनेछिन् भन्ने कुराप्रति त्यो स्वर्गदूतले सङ्केत गर्दैथ्यो। परमेश्वरको बोलिएको शक्तिशाली वचनद्वारा येशू ख्रीष्टले मानव शरीर धारण गर्नुभयो (लूका १:३४-३८)।

**चौथो उदाहरण -** चालीस दिनसम्म उपवास बस्नुभएपछि येशू भोकाउनुभयो। परमेश्वरमा भर नपरीकन आफ्नै क्षमताहरूमा भर परेर ढुङ्गालाई रोटी बनाउन लगाएर दुष्टले येशूलाई परीक्षा गर्न कोसिस गऱ्यो। मानिसले आफ्नो जीवनको अवस्थाहरू आफैले निर्माण गर्न सक्छ र उलसाई त्यसको निम्ति परमेश्वरको खाँचो पर्दैन भनी दुष्टले मानिसहरूलाई विश्वस्त पार्न चाहन्छ। तर हरेक मानिसको जीवनमा अति आवश्यक अवस्थाहरू परमेश्वरको बोलिएको वचनद्वारा परमेश्वरले नै सृजना गर्नुहुन्छ, मानिसले होइन भनी येशूले घोषणा गर्नुहुन्छ। तपाईं परमेश्वरमा विश्वास गर्नुस् अथवा नगर्नुस्- यदि परमेश्वरले आफ्नो शक्तिशाली सृजनात्मक वचन बोल्नुभएन भने खानको निम्ति रोटी उपलब्ध हुने छैन!

## ३. किन परमेश्वरले बोल्नुहुने हरेक वचन मानिसको निम्ति महत्वपूर्ण हुन्छ?

परमेश्वरले बोल्नुहुने वचन यति शक्तिशाली छ, कि त्यसले नै मानिसले सास फेर्ने हावा, अन्न उब्जाउने झरी र घाम अनि खानको निम्ति भोजन सृष्टि गर्दछ। यो यति शक्तिशाली छ, कि यसले मानिसलाई दिन प्रतिदिन अनि प्रत्येक मिनेट थामेर राख्छ। यदि परमेश्वरले आफ्नो शक्तिशाली सृजनात्मक वचन बोल्नुहुन्न भने पृथ्वीमा पानीको वर्षा हुँदैन, घाम लाग्दैन अनि खानेकुरा उत्पादन हुँदैन, पिउने पानी हुँदैन, सास फेर्न हावा हुँदैन, त्यसको साथै अहिलेको जस्तो सुन्दर रूखहरू र फूलहरूको पनि कुनै अस्तित्व हुँदैन। यसलाई छोटकरीमा भन्ने हो भने, परमेश्वरले बोल्नुभएको वचनद्वारा नै हरेक कुरा सृष्टि भएर ती कुराहरू अस्तित्व रहिरहेको छ, यदि त्यसो भएन भने कुनै कुराको अस्तित्व बाँकी रहनेछैन! त्यही कराणले गर्दा येशूले भन्नुहुन्छ, कि मानिस परमेश्वरको मुखबाट निस्कने हरेक वचनले जीवित रहन्छ! तसर्थ, परमेश्वरको बोलिएको वचन सबै सृष्टिमाथि, सबै किसिमका परिस्थितिहरूमाथि र इतिहासको सबै घटनाहरूमाथि परमेश्वरको सार्वभौम राजत्वको प्रतीक (अथवा प्रकटीकरण) हो।

## ४. किन परमेश्वरको लेखिएको हरेक वचन मानिसहरूका लागि महत्वपूर्ण हुन्छ?

आफूले बोलेका कुन-कुन वचनहरू बाइबलमा परमेश्वरको लेखिएको वचनहरू हुनेछन् भनी स्वयम् परमेश्वरले आज्ञा गर्नुभयो! बाइबलमा लेखिएका परमेश्वरको वचनहरू शक्तिशाली र प्रभावकारी छन्। बाइबलमा लेखिएका परमेश्वरको वचनअनुसार जीवन जिएर मात्र मानिसले परमेश्वरले चाहेअनुसारको जीवन जिउन सक्छ। बाइबलमा भएका परमेश्वरको वचनसँग परमेश्वरका रहस्यहरू प्रकट गर्ने शक्ति हुन्छ (लूका ८:१०), घनले चट्टानहरू फुटाएझैँ गरी मानिसको कठोर हृदयहरू फुटाउने र आगोले पराललाई नास पारेझैँ मानिसको झूटा तर्कहरू नास पार्ने शक्ति त्यसमा हुन्छ (यर्मिया २३:२९)। त्यसैगरी लेखिएको परमेश्वरको वचनसँग मानिसको हृदयको विचारहरू र मनोवृत्तिहरू जाँच्न सक्ने शक्ति हुन्छ (हिब्रू ४:१२), ती वचनहरू विश्वास गर्नेहरूलाई बचाउने शक्ति हुन्छ (रोमी १०:१३-१७) अनि त्यसमा विश्वासीहरूलाई आत्मिक कुराहरूमा वृद्धि गराउने शक्ति पनि हुन्छ (१ पत्रुस २:२)। लेखिएको परमेश्वरको वचन मानिसहरूलाई परमेश्वरको

सत्यताहरू सिकाउन, तिनीहरूलाई आफ्ना पापहरू देखाइदिन, तिनीहरूका खराबीहरूलाई सच्याउन र परमेश्वरका कामदारहरू हुनको निम्ति तिनीहरूलाई तालिम दिएर सुसज्जित पार्नको निम्ति उपयोगी हुन्छ (२ तिमोथी ३:१६-१७)।

---

## ख. बाइबल पद कण्ठ र पुनरवलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। वचन - मत्ती ४:४
३. **पुनरवलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

| ४ | **बाइबल अध्ययन** (७० मिनेट) | सम्बन्धहरू<br>इसाई मित्रता - यूहन्ना १५:१३-१५ |
|---|---|---|

यूहन्ना १५:१३-१५ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

**चरण: १ - पढ्नुहोस्।** **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर यूहन्ना १५:१३-१५ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

---

**चरण: २ - पत्ता लगाउनुहोस्।** **अवलोकनहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
**लेख्नुहोस् -** यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

**यूहन्ना १५:१३**

**खोज १ : म पहिले येशूको सत्रु थिएँ, अहिले उहाँको मित्र हुनको निम्ति बोलाइएको छु**

येशू भन्नुहुन्छ, कि सबैभन्दा ठूलो प्रेम भनेको आफ्नो मित्रको लागि प्राण अर्पण गरिदिनु हो। मलाई गहिरोसँग स्पर्श गर्ने तथ्य के हो भने येशूले मलाई आफ्नो मित्र भन्नुहुन्छ। रोमी ५ अध्यायमा म इसाई हुनुभन्दा पहिले के थिएँ भन्नेबारेमा पढ्छु। त्यो समयमा म कमजोर, भक्तिहीन, पापी र परमेश्वरको सत्रु थिएँ। त्यतिबेला विशेषगरी म आफ्नो चरित्रमा कमजोर थिएँ र आफैले त्यसलाई परिवर्तन गर्न बिल्कुल शक्तिहीन थिएँ। म ईश्वरभक्तिहीन व्यक्ति थिएँ। यद्यपि त्यतिबेला मैले अरू मानिसहरूले 'ईश्वर' भनी पुकार्ने देवी-देवताहरूमाथि विश्वास गर्ने भए तापनि साँचो अनि जीवित परमेश्वरको बारेमा त्यतिबेला मेरो अवधारणा पूर्णरूपमा गलत थियो। ईश्वर त निकै उच्च स्थानमा बस्नुहुन्छ होला र कसैले पनि उहाँसँग व्यक्तिगत सम्बन्ध राख्न सक्दैन होला भनी म विचार गर्दथेँ। त्यतिबेला मैले दिनको धेरैपटक प्रार्थना गर्दथेँ, लामो समयसम्म उपवास बस्थेँ, रुपैयाँ-पैसा भेटी चढाउँथे र विभिन्न किसिमका धार्मिक क्रियाकलापहरूमा सहभागी हुन्थे किनभने ईश्वरले स्वर्गलोकमा मलाई बस्न दिनुहुन्न होला भनी म डराउँथेँ। परमेश्वर मेरो मित्र हुन चाहनुहुन्छ भन्ने कुरा सम्भव होला भनेर

मैले कहिले पनि सोचेको थिइनँ। तर अहिले येशूले मलाई आफ्नो मित्र भनी भन्नुहुन्छ! यस संसारमा मेरा साथीहरू छन् तर ती साथीहरूमध्ये कसैलाई पनि येशूजस्तै गरी मित्रको रूपमा तुलना गर्न सकिँदैन! उहाँ मेरो मित्र हुनुभएकोले गर्दा, साँच्चै उहाँ मेरो नजिक हुन चाहनुहुन्छ र मसँगै रहेर काम गर्नुहुन्छ। मेरो लागि सबैभन्दा महत्वपूर्ण सत्य यो हो, कि सुरुमा म येशूको सत्रु थिएँ, अब उहाँको मित्र हुन बोलाइएको छु।

---

**यूहन्ना १५:४**

**खोज २ : मित्रताले जिम्मेवारीलाई समेट्छ**

येशूले भन्नुहुन्छ, "यदि मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमीहरू मेरा मित्रहरू हौ।" मित्रता भनेको आफै स्वचालितरूपमा हुने कुरा होइन भनी म ठान्दछु। मित्रताले जिम्मेवारीलाई समेट्छ। यदि म येशूको आज्ञाहरू र शिक्षाहरू पलान गर्छु भने मात्र म उहाँको मित्र हुन सक्छु। यूहन्ना १५:९-१० मा येशूले भन्नुहुन्छ, "मेरो प्रेममा रहो। यदि तिमीहरूले मेरा आज्ञाहरू पालन गर्छौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ।" ख्रीष्टको इच्छा निरन्तर पूरा गर्नाले म उहाँको प्रेममा रहेको छु भन्ने निश्चयता मैले पाउन सक्छु। उहाँको आज्ञाहरू के-के हुन् भनी जान्न र उहाँका आज्ञाहरू पलाना गर्न पाउनु मेरो जिम्मेवारीहरू हुन्। मेरो लागि सबैभन्दा महत्वपूर्ण सत्य भनेको, यदि म वास्तविकरपमा उहाँको मित्र हुन चाहन्छु भने मित्रताको सम्बन्धभित्रको जिम्मेवारीहरू मैले पूरा गर्नु पर्छ।

---

**चरण: ३ - प्रश्न** **व्याख्याहरू**

**ध्यान दिनुहोस् -** यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
यूहन्ना १५:१३-१५ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
**लेख्नुहोस् -** आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
**बाँड्नुहोस् -** (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
**छलफल गर्नुहोस् -** (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

**यूहन्ना १५:१३**

**प्रश्न १ : आफ्ना मित्रहरूको लागि प्राण अर्पण गरिदिनु भनेको के हो?**

**टिप्पणी -** येशूले हामीलाई आफ्नो मित्र ठानेर हाम्रो लागि प्राण अर्पण गरिदिनुभएको र हामीले आफ्ना मित्रहरूको लागि प्राण अर्पण गरिदिनुको बीचको भिन्नतालाई हामीले छुट्ट्याउनु पर्छ।

**एक अर्थमा भन्ने हो भने येशूको प्रेम अद्वितीय छ**

येशू क्रूसमा मर्नुभएर हामीप्रति देखाउनुभएको प्रेम अद्वितीय छ। उहाँको प्रेमको असीमित मूल्य, उहाँको प्रेमको प्रतिस्थापित चरित्र र उहाँको प्रेमको उद्धार गर्ने परिणामहरू कहिल्यै हाम्रो मानवीय प्रेमको ढाँचा हुन सक्दैन। यी पक्षहरूमा ख्रीष्टको प्रेम पूर्णरूपमा अद्वीतीय छ र यसलाई अनुकरण (अथवा नकल) गर्न सकिँदैन। येशू केवल हाम्रो फाइदाको निम्ति मात्र मर्नुभएन, उहाँ त हाम्रै सट्टामा हाम्रो स्थानमा मर्नुभयो! ख्रीष्टको प्रेम भनेको प्रतिस्थापित गर्ने प्रेम हो। हामीप्रतिको उहाँको प्रेमले उहाँलाई हाम्रो पापको दण्ड भोग्न लगायो र साथै हाम्रो स्थान लिनुभएकोले गर्दा परमेश्वर पिताले उहाँलाई त्याग्नुभयो र उहाँले त्यसको लागि भयङ्कर कष्ट भोग्नुभयो। हामीले कहिले पनि यस किसिमको प्रतिस्थापित गर्ने प्रेम हाम्रा मित्रहरूलाई दिन सक्दैनौँ।

**अर्को अर्थमा हेर्ने हो भने येशूको प्रेम एक उत्तम नमुना हो**

जेजस्तो भए तापनि यूहन्ना १५:१२-१३ मा येशूले यसो भन्नुहुन्छ, "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरेँ, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर। आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू

कसैको हुँदैन।" यसले यो देखाउँछ, कि ख्रीष्टले हामीलाई मित्रको रूपमा जस्तो ढाँचाको प्रेम गर्नुभयो, हामीले पनि आफ्ना मित्रहरूलाई प्रेम गर्ने बाटो यहाँ बाताइएको छ। ख्रीष्टको प्रेमको विशेषताबाट हामीले पछ्याउनुपर्ने कुरा भनेको उहाँको प्रेमको स्वयम् बलिदान हुने स्वभाव हो। यहाँ येशूले यसो भन्दैहुनुहुन्छ, "जसरी मैले तिमीहरूलाई स्वयम् बलिदनपूर्ण प्रेम गरेँ, तिमीहरूले पनि एक-आपसलाई स्वयम् बलिदानपूर्ण प्रेम गर।" हामीले एक-अर्कालाई प्रेम गर्दा आफ्नो अभिरुचिहरू र आफैलाई इन्कार गर्दछौँ भने, हामीले स्वयम् बलिदानपूर्ण प्रेम गरेको ठहर्छ। यसरी स्वयम् बलिदानपूर्ण प्रेम गर्दा मूल्य चुकाउनुपर्ने हुन्छ। त्यसको निम्ति हामीले समय, पैसा, शक्ति खर्च गरेर आफैलाई इन्कार गरेर मूल्य चुकाउनु पर्छ। यद्यपि मैले मेरो मित्रप्रति प्रतिस्थापित किसिमको प्रेम देखाउन नसके तापनि मैले उनीहरूप्रति स्वयम् बलिदानपूर्ण प्रेम देखाउन सक्छु र त्यो मैले देखाउनु नै पर्छ। जब मैले उनीहरूप्रति स्वयम् बलिदानपूर्ण प्रेम देखाउँछु, तब मैले आफ्ना मित्रहरूका लागि जीवन अर्पण गरेको हुन्छु।

**इसाई मित्रताको पहिलो विशेषता**

अर्को व्यक्तिलाई साँचो प्रेम गर्न सुरु गर्नु र उसको निम्ति स्वयम् बलिदानपूर्ण प्रेम गरेर योगदान गर्नु नै इसाई मित्रताको पहिलो विशेषता हो। साँचो इसाई मित्रले 'यो सम्बन्धबाट मैले के फाइदा उठाउन सक्छु?' भनेर कहिल्यै भन्दैन बरु त्यसको सट्टामा 'यो मित्रताको सम्बन्धमा मैले के योगदान र सहयोग गर्न सक्छु?' भनी आफैलाई प्रश्न गर्छ।

---

**यूहन्ना १५:१४**

**प्रश्न २ : किन येशूको आज्ञाहरू पालन गर्ने मानिसहरू मात्र उहाँको मित्र हुन सक्छ?**

**टिप्पणी -**

**येशूको जिम्मेवारी - उहाँले हामीलाई कृपालु प्रेम गर्नुहुन्छ।**

यदि म येशूका केही आज्ञाहरू पालन गर्न चुके भने, के अझै म उहाँको मित्र भइरहन्छु त? यो अति नै चाखलाग्दो प्रश्न हो। येशूका चेलाहरू यस विषयमा त्यतिबेला कस्ता थिए भनी हेरौँ। अन्तिम रात्रीभोज खान ती चेलाहरू बाटोमा जाँदैगर्दा आफूहरूमध्ये को सबैभन्दा ठूलो हुने भन्ने विषयमा एक-अर्कासँग वहस गरिरहेका थिए (लूका २२:२४)। तिनीहरू माथिल्लो कोठामा पुगेपछि कोही पनि एक-अर्काको गोडा धुन इच्छुक थिएनन् (यूहन्ना १३ अध्याय)। त्यो भोज खाइसकेपछि येशूले प्रार्थना गरिरहनुहुँदा तिनीहरू एक घण्टा पनि जागा रहन सकेनन्। सिपाहीहरू आएर येशूलाई पक्रदा, पत्रुस आक्रोसित भएर तरवारले एकजना मानिसको कान काटिदिए। त्यसपछि ती चेलाहरू येशूलाई छोडेर भागे। अर्को दिन झिसमिसे उज्यालो हुँदैगर्दा पत्रुसले येशूलाई तीनपटक इन्कार गरे। यसप्रकार ती चलाहरूले विभिन्न तरिकाले आफ्नो चरित्रको कमजोरीहरू देखाए। यस्ता कुराहरूको बाबजुद अनि ती सबै कुराहरू हुनेछन् भनेर जान्दाजान्दै पनि येशूले तिनीहरूलाई आफ्नो मित्रहरू भन्नुभयो! ओहो, येशूको प्रेम कति कृपालु! मित्रको रूपमा हामीप्रतिको येशूको प्रेम हाम्रो कमजोरीहरू र असफलताहरूले निर्धारण गर्दैन, तर उहाँको हामीप्रतिको स्वयम् बलिदानपूर्ण प्रेमले निर्धारण गर्दछ!

**हाम्रो जिम्मेवारी (कर्तव्य) - येशूको सर्तहरूमा हामीले हाम्रो मित्रताको सम्बन्धहरू विकास गर्नु पर्छ**

येशू ख्रीष्टसँग मित्रताको सम्बन्ध कायम राख्नु हाम्रो पनि जिम्मेवारी रहन्छ। हाम्रो जिम्मेवारी भनेको येशूको सर्तहरूमा हामीले उहाँसँग मित्रताको सम्बन्ध विकास गर्नु हो। येशूसँग मित्रता गाँस्नु हाम्रो सर्त होइन, तर उहाँको सर्त हो। उहाँसँगको मित्रतामा के-के कुरा चाहिन्छ अनि के कुराचाहिँ उक्त मित्रतामा पर्दैन भन्ने कुरा स्वयम् येशूले निर्धारण गर्नुहुन्छ। आज्ञा दिने व्यक्ति उहाँ नै हुनुहुन्छ। यो मित्रताको सम्बन्धको सीमा र परिधिहरू निर्धारण गर्ने उहाँ नै हुनुहुन्छ! यो कुरा महत्वपूर्ण छ। येशूसँगको मित्रता सांसारिक मित्रताजस्तो हुँदैन। संसारमा हुने मित्रतामा भावनाहरू मिल्नु पर्छ, एक-आपसमा मन पराउने वा नपराउने कुराहरू यसमा पर्छन्, र एक-आपसमा सँगै रहने अनि सँगै मिलेर काम गर्ने उत्साहजस्ता कुराहरू यसमा पर्दछन्। तर येशूसँगको मित्रता फरक कुरा हो। यसको स्पष्ट अनि निश्चित मापदण्डहरू र सीमाहरू हुन्छन्। हामीले येशूको आज्ञाहरू पालन गरेपछि मात्र हामी उहाँको मित्रहरू हुन सक्छौँ। येशूसँगको मित्रताको सम्बन्धको सर्त र सीमाहरू स्वयम् येशूले नै निधो गर्नुहुन्छ।

**हाम्रो लागि येशूको प्रेम र येशूको लागि हाम्रो प्रेमको बीचमा सम्भव छ किनभने हामी उहाँद्वारा चुनिएका मानिसहरू हौँ**

येशूको आज्ञाहरू पालन गर्ने हाम्रो जिम्मेवारी र हामीमा थुप्रै कमजोरीहरू हुँदा पनि हामीप्रति उहाँको कृपालु प्रेमलाई हामीले कसरी मिलाउन सक्छौँ? यसको उत्तर यूहन्ना १५:१९ छ, जहाँ येशूले भन्नुहुन्छ, "मैले तिमीहरूलाई संसारबाट चुनेको छु।" उहाँले चेलाहरूलाई आफ्नै बनाउको निम्ति चुन्नुभयो। उहाँले तिनीहरूलाई दुष्टको शासनको अधिनता र पापबाट बाहिर निकालेर बचाउनुभयो। अनि उहाँ चाँडै नै तिनीहरूमाथि पवित्र आत्मा खन्याउँदै हुनुहुन्थ्यो। पवित्र आत्माको शक्ति र

बुद्धिद्वारा नै तिनीहरू येशूको आज्ञाहरू पालन गर्न सक्षम हुनेवाला थिए। अहिले येशूले हामीलाई त्यसरी नै व्यवहार गर्नुहुन्छ। येशूले हामीलाई अनुग्रही भएर दिनुहुने कुराहरू मात्र उहाँले हामीबाट माग गर्नुहुन्छ! येशूले कहिले पनि हामीबाट अनुचित कुराहरू माग्नुहुन्न। उहाँप्रति आज्ञाकारी हुन जे कुराको खाँचो छ, सो उहाँले हामीप्रति अनुग्रहसाथ दिनुहुन्छ। येशूले हामीलाई उहाँप्रति आज्ञाकारी हुने आदेश मात्र दिनुहुन्न, तर पवित्र आत्माद्वारा उहाँले हामीलाई शुद्ध पनि पार्नुहुन्छ, ताकि हामीले उहाँप्रति आज्ञाकारी हुने चाहना गरौँ, उहाँप्रति आज्ञाकारी बनौँ र भविष्यमा पनि उहाँप्रति आज्ञाकारी बन्दैजाऔँ (१ पत्रुस १:१-२)!

**इसाई मित्रताको दोस्रो विशेषता**

इसाई मित्रताको दोस्रो विशेषता भनेको साँचो मित्रतामा सधैँ मापदण्डहरू र सीमाहरू हुन्छन्, जसलाई येशू ख्रीष्टको आज्ञाहरू र शिक्षाहरूले निर्धारण गर्दछन्। इसाई मित्रहरूले कहिले पनि पापपूर्ण संसारको मापदण्डहरूलाई पछ्याउँदैनन्। बरु तिनीहरूले बाइबलमा येशू ख्रीष्टले दिनुभएको शिक्षाहरू र आज्ञाहरूको मापदण्डहरूलाई सधैँ अनुसरण गर्ने गर्दछन्। तिनीहरूले उहाँको मार्गहरू पछ्याउन चाहन्छन्, तिनीहरूले उहाँका मार्गहरू पछ्याउन सक्छन् र तिनीहरूले उहाँका मार्गहरू पछ्याउनेछन्। असल मित्रहरूले सधैँ बाइबलका शिक्षाहरूलाई आफ्नो मापदण्ड र सीमा बनाउँछन्, र त्यसैमा रहेर तिनीहरूले आफ्नो असल मित्रतालाई विकास गर्दछन्।

---

**यूहन्ना १५:१५**

**प्रश्न ३ : किन येशूका चेलाहरूलाई अब 'नोकर' भनिँदैन?**

**टिप्पणी -** येशूले भन्नुहुन्छ, "अबदेखि म तिमीहरूलाई नोकर भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ नोकरले जान्दैन। तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु।" अलि अगाडि त्यही साँझमा उहाँले भन्नुभयो, कि उहाँ तिनीहरूका प्रभु र मालिक भईकन तिनीहरूका गोडा धोइदिनुभयो भने, तिनीहरूले पनि एक-अर्काको गोडा धुनु पर्छ किनभने कुनै नोकर उसको मालिकभन्दा ठूलो हुँदैन (यूहन्ना १३:१४-१६)। यूहन्ना १३ अध्यायमा तिनीहरूलाई 'नोकरहरू' भनिएको छ, र यहाँ यूहन्ना १५ अध्यायमा आएर अब तिनीहरू 'नोकरहरू' रहँदैनन्। किन येशूका चेलाहरूलाई अबदेखि उसो 'नोकरहरू' भनिँदैन त?

**'नोकर' भन्ने शब्दले ओहोदालाई जोड दिन्छ**

'नोकर' भन्ने शब्दले चेलाहरूको येशूसँग र एक-अर्कासँग भएको तिनीहरूको सम्बन्धमा तिनीहरूका ओहोदालाई जोड दिन्छ। उक्त साँझको सुरुमा येशूले तिनीहरूलाई नम्रताको सेवाको महत्व सिकाउनुभयो। संसारमा हेर्ने हो भने नोकर कहिल्यै उसको मालिकभन्दा ठूलो हुँदैन। तर यदि मालिक भईकन येशूले आफ्ना चेलाहरूको गोडा धोइदिनुभयो भने, ती चेलाहरूले एक-आपसको गोडा अझै धेरै गरी धुनु पर्दैन र? हो, चेलाहरू निरन्तर 'एक-अर्काको नोकर' हुनुपर्छ र एकले अर्काको गोडा धोइदिनु पर्छ। कसैको गोडा धुनु भनेको मानिसहरूको माझमा तपाईं सबैभन्दा सानो स्थान लिन इच्छुक हुनु हो र अरू कसैले नचाहने अथवा गर्न नसक्ने काम गर्नु हो। तसर्थ, यूहन्ना १३ अध्यायमा चेलाहरूले तिनीहरूको येशूसँग र एक-अर्कप्रतिको सम्बन्धको स्थानलाई जोड दिइएको छ। यहाँ चेलाहरूले 'नोकर' भन्ने पद पाएका छन्।

**'मित्र' भन्ने शब्दले नजिकपनलाई जोड दिन्छ**

'मित्र' भन्ने शब्दले चेलाहरूको येशूसँगको र एक-आपसको सम्बन्धको नजिकपनलाई जोड दिन्छ। त्यतिबेला येशूले आफ्ना चेलाहरूलाई धेरै महत्वपूर्ण कुराहरू भनिसक्नुभएको थियो। उहाँले तिनीहरूलाई किन आफूलाई संसारमा पठाइएको थियो भनी बताउनुभयो। परमेश्वर पिताले हराएकाहरूलाई खोज्न र बचाउनको निम्ति येशूलाई संसारमा पठानुभयो। किन आफूले दु:ख भोग्न जाँदैहुनुहुन्थ्यो भनेर पनि येशूले तिनीहरूलाई बताउनुभयो। आफ्ना सबै जनहरूको पापको दण्ड तिर्नको निम्ति उहाँले दु:ख भोग्नुपर्ने थियो। उहाँले तिनीहरूलाई आफूले किन संसार छोड्नुपर्थ्यो भनेर पनि बताउनुभयो। आफ्नो पुनरुत्थान र स्वर्गारोहणमा उहाँले संसार छोड्नुभयो, ताकि पवित्र आत्मा आफ्ना चेलाहरूमाथि  आउनुभएको होस् र साथै तिनीहरूका निम्ति स्वर्गमा ठाउँ तयार पार्न पनि उहाँले संसार छोड्नुपर्ने थियो। उहाँले तिनीहरूलाई मानिस कसरी बचाइन सक्छ भनी बताउनुभयो। उहाँमा विश्वास गरेर मानसिहरू बचाइन सक्छ। अब यी कुराहरूलाई हेर्ने हो भने, सामान्यतया मालिकले आफ्ना नोकरहरूलाई यस्ता कुराहरू बताउँदैन। तिनीहरू उहाँका मित्रहरू बनिसकेका हुनाले येशूले ती कुराहरू आफ्ना चेलाहरूलाई बताउनुभएको थियो! मालिक र उसको चेलाहरूको सम्बन्धको नजिकपनलाई जोड दिँदाखेरि 'नोकर' भन्ने नाउँ त्यति उपयुक्त देखिँदैन, तर उक्त सम्बन्धलाई बुझाउन 'मित्र' भन्ने नाउँ उचित हुन्छ।

**इसाई मित्रताको तेस्रो विशेषता**

इसाई मित्रताको तेस्रो विशेषता भनेको यो हो, कि साँचो मित्रतामा मानिसहरूले परमेश्वर पिताबाट सिकेका कुराहरू सधैँ खुल्ला भएर एक-आपसमा बाँड्ने गर्दछन्। इसाई मित्रहरूले आफूले सिकेका उत्तम कुराहरू आफैमा सीमित राख्दैनन्। असल इसाई मित्रहरूले आफूले सिकेका उत्तम कुराहरू एक-आपसमा बाँड्ने गर्छन्।

**इसाईहरू अब व्यवस्थाको नोकरहरू हुँदैनन्, तर व्यवस्था दिने येशूको मित्र हुन्छन्**

नोकरहरू र मित्रहरूमा अर्को भिन्नता पनि छ। यहूदीहरू थुप्रै मानवीय व्यवस्थाहरू र परम्पराहरूको बोझले लादिएका हुन्थे। तिनीहरू मानिसले व्याख्या गरेको व्यवस्थाको नोकरहरू अथवा अझै भन्ने हो भने दासहरू थिए। तर चेलाहरूले बोक्नको लागि येशूको सजिलो र हलुको जुवा प्राप्त गरे (मत्ती ११:२८-३०)। तिनीहरू अब मानवीय नियम, रीरिरिवाज र परम्पराहरू दिने व्यवस्थाको नोकरहरू रहनेनन्। तिनीहरू त यो संसारमा येशूको निम्ति आफैलाई अर्पण गर्ने, उनै येशूका मित्रहरू बने। येशूका मित्रहरूले आफूलाई कहिले अन्त नहुने व्यवस्थाका नियमहरूभित्र राख्दैनन्, तर परमेश्वरको राज्यको विस्तारको लागि आफूलाई व्यस्त बनाउँछन्। येशू ख्रीष्टलाई आफ्नो हृदय र जीवनमा राजा बनाउने उहाँका मित्रहरूले अरू मानिसहरूलाई पनि सहायता गर्छन् ताकि तिनीहरूले पनि येशू ख्रीष्टलाई आफ्नो हृदय र जीवनमा आफ्नो राजा बनाउन सकून्!

---

**यूहन्ना १५:१३-१५**

**प्रश्न ४ : कसरी मैले व्यवहारिकरूपमा मित्रहरू बनाउने अनि तिनीहरूलाई कसरी मित्रतामा राखिराख्ने?**

**टिप्पणी -** जसको लागि येशूले प्रतिस्थापित गर्ने किसिमले र स्वयम् बलिदान हुने किसिमले आफ्नो जीवन अर्पण गर्नुभयो, ती मानिसहरूलाई उहाँले आफ्नो मित्रहरू भन्नुहुन्छ। जसले उहाँका आज्ञाहरू पालन गर्छन्, तिनीहरूलाई येशूले आफ्ना मित्रहरू भन्नुहुन्छ। अनि जसको माझमा उहाँले परमेश्वर पिताबाट सिकेका कुराहरू बाँड्नुहुन्छ, ती मानिसहरूलाई येशूले आफ्ना मित्रहरू भन्नुहुन्छ। हामी इसाईहरू भएको हैसियतले कसरी वास्तविक मित्रहरू बनाउन सक्छौँ भनी यस खण्डले हामीलाई सिकाउँछ। यूहन्ना १५:१३-१५ ले हामीलाई इसाई मित्रताको बारेमा महत्वपूर्ण सिद्धान्तहरू सिकाउँछ।

**इसाई मित्रताको पहिलो सिद्धान्त १३ पदबाट आउँछ। स्वयम् बलिदान भएर तपाईंले मित्र बनाउनुहोस्**

कोही तपाईंको मित्र बन्न आओस् भनेर प्रतिक्षा नगर्नुहोस्। मित्र बनाउनलाई चासो लिनुहोस्! संसारका मानिसहरूले प्राय: यस्तो प्रश्न सोध्छन्, "मेरा मित्रहरू को-को हुन्?" तर इसाईले यसरी सोध्नुपर्छ, "म कसको मित्र हुँ?" येशूले पहिले आफ्ना सत्रुहरू भएका मानिसहरूप्रति चासो देखाउनुभएर तिनीहरूलाई आफ्नो मित्रहरू बनाउनुभयो। येशूले जस्तै गरी, इसाईहरूले पनि प्रेमविहिन मानिसहरूकहाँ गएर तिनीहरूलाई स्वयम्-बलिदानपूर्ण प्रेम देखाएर मित्र बनाउन चासो लिनुपर्छ। तिनीहरूले मित्र नबन्ने मानिसहरूकहाँ गएर मित्रता देखाउन सक्छन्। तिनीहरू एक्लो मानिसहरूकहाँ गएर तिनीहरूका मित्र बन्न सक्छन्। अनि तिनीहरू हराएका मानिसहरूकहाँ गएर तिनीहरूलाई येशूकहाँ ल्याउन सक्छन्।

**इसाई मित्रताको दोस्रो सिद्धान्त १४ पदबाट आउँछ। ख्रीष्टले हामीलाई कस्तो भएको चाहनुहुन्छ, त्यस्तै गरी एकले अर्कोलाई माथि तान्दै मित्रतालाई कायम राख्नुहोस्**

एकले अर्कालाई संसारको पापपूर्ण मापदण्ड र जीवनशैलीअनुसार तलतिर नतान्नुहोस् बरु एकले अर्कालाई येशू ख्रीष्टको आज्ञाकारिताको मापदण्ड र जीवनशैलीअनुसार माथितिर तान्नुहोस्। साँचो मित्रता ख्रीष्ट र ख्रीष्टको आज्ञाहरूको प्रेमिलो वातावारणमा मात्र रहन र बढ्न सक्छ। संसारका मानिसहरूले यस्तो विचार गर्दछन्, कि अरू मानिसहरूको मित्र बन्न र तिनीहरूले स्वीकार गर्नको निम्ति सांसारिक मान्यता र तिनीहरूको जीवनशैलीअनुसार आफूलाई तल झार्नु पर्छ। तर इसाईहरूलाई यो कुरा थाहा हुन्छ, कि तिनीहरूले अरूको मान्यता र जीवनशैलीलाई सकारात्मकरूपमा प्रभाव पार्नु पर्छ, ताकि तिनीहरूसँग अर्थपूर्ण र चीरस्थायी मित्रता कायम हुन सकोस्। इसाईहरूले संसारको दुष्ट मानिसहरूको चालअनुसार चलेर होइन तर मानिसहरूलाई झन्-झन् येशू ख्रीष्टको स्वरूपमा परिवर्तन गरेर मित्रहरू बनाउँछन्।

**इसाई मित्रताको तेस्रो सिद्धान्त १५ पदबाट आउँछ। तपाईंले परमेश्वरबाट सिक्नुभएको कुराहरू बाँडेर आफ्नो मित्रतालाई गहिरो बनाउनु हुन्छ**

आफ्नो मित्रसँग भौतिक कुराहरू र आजको ताजा समाचारको बारेमा मात्र कुरा गरेर मित्रतालाई सीमित नपार्नुहोस्। परमेश्वरको बारेमा, बाइबलको बारेमा र परमेश्वरले दिन प्रतिदिन तपाईंलाई के सिकाइरहनुभएको छ, त्यसबारेमा पनि कुरा गर्नुहोस्। संसारका मानिसहरू प्राय: आत्मिक कुराहरूको बारेमा कुरा गर्न डराउँछन् किनभने तिनीहरू त्यसप्रति अनभिज्ञ

हुन्छन्। इसाईहरूले तिनीहरूलाई अप्ठ्यारो वा असहज नहुने किसिमले आत्मिक सत्यताहरू पत्ता लगाउन सहायता गर्नु पर्छ। जब म अर्को व्यक्तिलाई बलिदानपूर्ण प्रेम गर्न चासो देखाउँछु, तब उसलाई ख्रीष्टको आज्ञाहरूको मापदण्डहरू र सीमाहरूतिर माथि तान्दछु; अनि मैले परमेश्वरबाट जे सिकेको छु, त्यो म खुल्ला भएर अर्को व्यक्तिलाई बाँड्दछु भने, म उसको साँचो मित्र हुन्छु।

---

**चरण ४ - लागू गर्नु** **प्रयोगहरू**

**ध्यान दिनुहोस् -** यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
**सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् -** एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र यूहन्ना १५:१३-१५ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
**ध्यान दिनुहोस् -** यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
**लेख्नुहोस् -** उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

### १. यूहन्ना १५:१३-१५ बाट निकालिएका सम्भावित प्रयोगहरूका उदाहरणहरू

१५:१३ कुनै व्यक्तिले तपाईंको विरोध गर्छ, जो एक्लो छ, अथवा जो प्रेमविहिन र हराएको छ, उसप्रति चासो देखाएर उसलाई मित्र बनाउनुहोस्।
१५:१४ तपाईंका सबै मित्रहरूलाई ख्रीष्टको आज्ञाहरू र शिक्षाहरूको मापदण्ड र सीमातिर माथि तान्नुहोस्।
१५:१५ तपाईंले परमेश्वरबाट जे सिकिरहनुभएको छ, सो आफ्ना मित्रहरूलाई बाँड्नुहोस्।

**हितोपदेशको पुस्तकबाट निकालिएका सम्भावित प्रयोगहरू**

१२:२६ धर्मी मानिस मित्रतामा सचेत रहन्छ।
१३:२० बुद्धिमानसँग हिँड्ने बुद्धिमान हुँदैजान्छ।
१६:२८ कुरौटे बानीले घनिष्ठ मित्रहरूलाई अलग गर्छ।
१७:१७ मित्रले सधैँ प्रेम गर्छ र दाजुभाइचाहिँ दु:ख-कष्टको लागि जन्मिएको हुन्छ।
१८:२४ धेरै साथीहरू भएको मानिस सर्वनाशमा पर्न सक्छ, तर तर कुनै-कुनै मित्रचाहिँ दाजुभाइभन्दा पनि नजिक हुने गरी टाँसिन्छ।
१९:४,६ गरीब मानिसको मित्रले उसलाई त्याग्छ। हरेक व्यक्ति उपहारहरू दिनेको मित्र हुन्छ।
१९:२० सुझाव सुन, र अर्ती ग्रहण गर, र अन्त्यमा तिमी बुद्धिमान् बन्नेछौ।
१९:२५ विवेकशील मानिसलाई हप्काउनू, अनि उसले आफ्नो ज्ञान बढ़ाउनेछ।
२०:१९ कुरौटेले गोप्य भरोसामा आघात पुऱ्याउँछ, त्यसैले धेरै कुरा गर्ने मानिसदेखि परै बस।
२२:११ जसले हृदयको शुद्धता रुचाउँछ र बोलीवचन अनुग्रहसहितको छ, त्यसको लागि राजा पनि मित्र हुनेछ।
२२:२४-२५ गरम मिजासको मानिसलाई मित्र नबना, सजिलै रिसाउने मानिससँग सङ्गत नगर्, नत्रता त्यसको चाल तैंले सिक्लास् र आफै पासोमा पर्लास्।
२३:२० बेसरी दाखमद्य पिउनेहरू, अथवा सकेसम्म मासु हसुर्नेहरूसँग सङ्गत नगर्।
२४:१-२ दुष्ट मानिसहरूको डाह नगर्, तिनीहरूसँग सङ्गत गर्न इच्छा नगर्, किनभने तिनीहरूको हृदयले उपद्रव रच्दछ, र तिनीहरूका ओठले झमेला ल्याउने कुरा गर्दछ।
२६:४-५ मूर्खलाई त्यसको मूर्खताअनुसारको जवाफ नदे, नत्रता तँ आफै पनि त्योजस्तै हुनेछस्। मूर्खलाई त्यसको मूर्खताअनुसारको जवाफ दे, नत्रता त्यो आफ्नै नजरमा बुद्धिमान् हुनेछ।
२६:९-१० मतवालाको हातमा काँढ़े बिरुवा भएझैँ मूर्खको मुखमा भएको हितोपदेश हो। मूर्ख वा कुनै बटुवालाई ज्यालामा काम लगाउनू धनुर्धारीले जथाभाबी काँड़ हानेर चोटैचोट पार्नुझैँ हो।

| | |
|---|---|
| २७:५-६ | खुल्ला हृप्की गोप्य प्रेमभन्दा असल हो। मित्रबाट पाएको चोट पत्यार गर्न सकिने हुन्छ, तर शत्रुका चुम्बन भने प्रचुर हुन्छन्। |
| २७:९ | अत्तर र धूपले मनलाई हर्षित पार्छ, र मित्रबाट पाइने मिठास उनको साँचो सल्लाह हो। |
| २७:१० | आफ्नै मित्र र आफ्ना बाबुको मित्रलाई नत्याग्। |
| २७:१७ | फलामले फलामलाई उध्याएजस्तै एउटाले अर्को मानिसलाई उध्याउँछ। |

## २. यूहन्ना १५:१३-१५ बाट निकालिएका व्यक्तिगत प्रयोगहरूको उदाहरणहरू

यूहन्नाको पुस्तकले मलाई मित्रहरू कसरी बनाउने भनी सिकाएको छ। मेरो मित्रहरू को-को हुन् भनी भौतारिएर हिँड्नुभन्दा अरूहरूलाई बलिदानपूर्ण प्रेम गरेर मित्र बनाउने कुराप्रति चासो देखाउन चाहन्छु। अरू मानिसहरू मेरो मित्र बन्न आओस् भनी प्रतिक्षा गर्नुको सट्टामा म अरूहरूको मित्र बन्न चाहन्छु। आफूलाई इन्कार गर्ने र बलिदान गर्ने बारेमा साँच्चै म अझ बढी मात्रामा सिक्न चाहन्छु। म हितोपदेशको पुस्तक अध्ययन गर्न जाँदैछु, र यसले मलाई साँचो मित्रताको बारेमा धेरै कुराहरू सिकाउनेछ। तीन कुराहरू म याद गर्न चाहन्छु: आफूलाई इन्कार गर्नु, आफूलाई बलिदान गर्नु र आफूलाई अनुशासनमा राख्नु।

मित्रको हैसियतले म निरन्तर आफ्नो जिम्मेवारीहरू विकास गर्न चाहन्छु। येशू ख्रीष्टको मापदण्डहरू र सीमाहरूतिर मेरा मित्रहरूलाई माथि तान्नु र उहाँको आज्ञाहरू र शिक्षाहरू पालन गर्न लगाउनु मेरो जिम्मेवारी हो भनी यूहन्नाको पुस्तकले सिकाएको छ। परमेश्वरबाट सिकेका कुराहरू म उनीहरूसँग बाँड्न चाहन्छु। मेरा मित्रहरूलाई तिखार्नु भनेको मेरो जिम्मेवारी हो भनी हितोपदेशको पुस्तकले मलाई सिकाउँछ, ताकि मेरा मित्रहरू परमेश्वर अनि अरू मानिसहरूको असल मित्र बन्न सकून्। 'प्रभाव' भन्ने शब्द म स्मरण गर्न चाहन्छु। म मेरा मित्रहरूलाई सही र उत्तम किसिमले प्रभाव पार्न चाहन्छु।

---

**चरण : ५ - प्रार्थना** **प्रतिक्रिया**

यूहन्ना १५:१३-१५ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

| | | |
|---|---|---|
| ५ | **प्रार्थना** (८ मिनेट) | **अन्तरबिन्ती प्रार्थना**<br>**अरूहरूको लागि प्रार्थना गर्नुहोस्** |

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

| | | |
|---|---|---|
| ६ | **गृहकार्यको तयारी** (२ मिनेट) | **अर्को पाठको निम्ति** |

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)
**१. प्रतिवद्धता -** समूहको सदस्यहरूलाई एउटा सम्भावित कुरा जीवनमा लागू गर्न प्रतिवद्ध गराउनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा यूहन्ना १५:१३-१५ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।
**२. परमेश्वरसँग व्यक्तिगत समय -** प्रेरित ८:१-११:१८ बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
**३. पद कण्ठ गर्नुहोस् -** वचन - मत्ती ४:४ (पहिले कण्ठ गर्नुभएको पाँच वटा बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।)
**४. प्रार्थना -** कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
**५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्-** तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।